आज मिति २०७५।०५।२६ गते मंगलबारका दिन यस माधव नारायण नगरपालिकाका अध्यक्ष श्री वीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स | नम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोबी | सदस्य | |
| १५ | श्री बबिता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रुनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | |
| १९ | श्री प्रमिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

यस नगरपालिका तथा सामुदायीक विकास केन्द्र (सि.डि.पि.)को सहकार्यमामा यस नगरपालिकाको पार्श्वचित्र तयार गर्ने प्रयोजनका लागि तथ्याङ्क संकलन गर्न यस नगरपालिकाबाट खटिएका सम्पूर्ण तथ्याङ्क संकलकहरु तथा सो संस्थालाई कार्यादेश/सम्झौता/बिल भर्पाई बमोजिमको भुक्तानी तथा यस बाहेक अन्य शिर्षकमा भुक्तानी हुन बाँकि रहेको रकम समेतको भुक्तानी हालसम्म नभएको हुनाले आ. व. २०७४/०७५ को आन्तरिक लेखा परिक्षण पश्चात सम्बन्धित सबैलाई कार्यादेश/सम्झौता/बिल भर्पाई बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २ :

यस नगरपालिकामा आ.व. २०७४/०७५ मा भएका सम्पूर्ण विकास निमार्णका कार्यहरुमा धरौटी बमोजिम राखिएको रकम आ. व. २०७४/०७५ को आन्तरिक लेखा परिक्षण पश्चात यस कार्यपालिकालाई नै फरफारक समिति मानी यस कार्यपालिकाको निर्णयका साथसाथै यस नगरपालिकाका प्राविधिक फाँटको कर्मचारीको शिफारिस बमोजिम सम्पूर्ण धरौटी बापतको रकम फुकुवा गरी सम्बन्धित सबैलाई फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

यस नगरपालिकाका कानुनी परामर्शदाताका रुपमा खटिएका श्री राम सहाय राय यादवज्यूलाई नीजसँग भएको सम्झौता बमोजिम आ. व. २०७५/०७६ मा समेत निरन्तरता दिने तथा यस नगरपालिकाको कार्यालय, यस नगरपालिका मातहतका सम्पूर्ण कार्यालयहरु, यस नगरपालिका अन्तर्गतका सम्पूर्ण निर्वाचित पदाधिकारीहरु तथा यस नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरु समेतलाई विपक्षी बनाई विभिन्न समयमा आउने सम्पूर्ण मुद्दा मामिलाहरुमा यस नगरपालिका तथा सम्बन्धित कार्यालयहरु, पदाधिकारीहरु तथा कर्मचारीहरुको तर्फबाट तथा हाल यस नगरपालिका, यस नगरपालिकाको वडा नं १, दिपहीको कार्यालय, वडा नं ३, सखुअवाको कार्यालय तथा यस नगरपालिकाका नगर प्रमुख श्री विरेन्द्र प्रसाद यादव, वडा नं. १, दिपहीका वडा अध्यक्ष श्री रणधिर प्रसाद यादव तथा वडा नं. ३, सखुअवाका वडा अध्यक्ष श्री राजकुमार राय यादवको तर्फबाट बहस, पैरवी, आदि गर्नका लागि नीज श्री राम सहाय राय यादवज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :

यस नगरपालिकाको कार्यालय संचालनमा रहेको भाडाको भवनमा कोठाको अभाव रहेको तथा सो भवनका घरधनीद्वयले एक तल्ला थप गर्ने ईच्छा समेत जाहेर गरेकाले सो भवनमा एक तल्ला थप गरी आ.व. २०७५/२०७६ देखि लागु हुने गरी बार्षिक घरभाडा रु. ७,८०,०००।- (अक्षरेपी रुपैयाँ सात लाख अस्सी हजार मात्र) कायम गर्ने तथा आवश्यकता अनुसार कार्यालय प्रयोजनका लागि अन्य केही स्थानहरुमा समेत घर अथवा कोठा भाडामा लिई कामकाज सहज रुपमा सुचारु गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ५ :

हालको समयमा अत्याधिक गर्मीका कारण यस नगरपालिकामा संचालनमा रहेका सम्पूर्ण सरकारी विद्यालयहरुमा पठनपाठनका क्रममा विद्यार्थी तथा शिक्षकहरुलाई प्रचण्ड गर्मीका कारण अत्याधिक समस्याको सामना गर्नु परिरहेको हुनाले आउँदै गरेको दशैंको बिदा सम्मका लागि यस नगरपालिकामा संचालनमा रहेका सम्पूर्ण सरकारी विद्यालयहरुलाई दिवा समयमा संचालन नगरी बिहानीको समयमा (मर्निङ्ग सिफ्टमा) संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

माधव नारायण नगरपालिकामा आ. व. २०७४/०७५ मा कृषि सेवा, पशु सेवा, स्वास्थ्य सेवा तर्फ कार्यरत करारका कर्मचारीहरु, सूचना प्रविधि अधिकृत तथा विभिन्न वडाहरुमा कार्यरत करारका कर्मचारीहरुको नेपाल सरकारका विभिन्न मन्त्रालयहरुको परिपत्र बमोजिम मिति २०७५/०४/०१ गत्ते देखि लागु हुने गरी करार म्याद थप गर्ने निर्णय गरियो ।

यसका साथै माधव नारायण नगर कार्यपालिकाको अर्को बैठक २०७५।०५।३१ गते आईतबारका दिन बस्ने निर्णय गरियो ।

Scanned with CamScanner